# धनगढी उप-महानगरपालिका

धनगढी, कैलाली
७ नं. प्रदेश, नेपाल

मिति : २०७५/०१/२६

**बिषय : प्रेस बिज्ञप्ती**

अहिले हामी संविधानको कार्यान्वयन तथा अभ्यासको चरणमा छौं । नेपालको संविधान २०७२ र त्यसले व्यबस्था गरेको संघीयतामा आधारित शासकीय स्वरुपको अभ्यास सबैका लागि सिकाईको बिषय हो । नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहले प्रयोग गर्ने गरी २२ वटा एकल अधिकारहरू सूचीबद्ध गरेको छ । जसले व्यवस्थापिका र कार्यपालिकाको अधिकार सहितको स्थानीय तहलाई संविधानमै विस्तृत व्याख्या गरेर स्थानीय सरकारको संवैधानिक मर्यादा दिइएको छ । सोही अनुसार धनगढी उप-महानगरपालीकाले काम गरिरहेको छ । यो उप-महानगरपालीका कानुन बनाउने कुरामा प्रदेशमै अगाडी छ । १३ वटा निर्देशिका र कार्यविधीहरु कार्यपालीकाबाट स्वीकृत गरि राजपत्रमा प्रकाशित गरिसकेको छ । ७ वटा ऐन कार्यान्वयनमा ल्याईसकेको छ । उप-महानगरपालीले वडा कार्यालयहरु स्थापना गरेर काम थालिसकेको छ । उप-महानगरपालीकाले आईटी हव कार्यालय तयारीको अन्तीम चरणमा पुर्‍याएको छ । नगरवासीहरुका गुनासोहरु अनलाईनबाट सुन्ने सम्बोधन गर्ने गरेको छ । हेलो मेयर कार्यक्रम मार्फत गुनासो सुन्ने काम गरिरहेको छ । सामाजिक सुरक्षाभत्ता वितरण बैङ्किङ्ग प्रणालीबाट गर्ने गरेको छ ।

घर बनाउदा नक्सा पास अनिवार्य गराउने कुरोमा कडाई भएको छ । योजनाको सम्झौता तथा कार्यान्वयनलाई गति दिएको छ । उप-महानगरपालीकाले आन्तरीक श्रोत तर्फ अन्य बर्षको भन्दा राम्रो बृद्धी गरेको छ । सामुदायीक पशुचौपया व्यबस्थापनका लागि गौशला निर्माणगर्ने काम गरेको छ । नगरपालीकामा जोडीएका पुराना तथा नयाँ वडामा भौतीक पूर्वाधार निर्माणको काम तिब्रगतिमा भैरहेको छ । खोलानालाको अतिक्रमण हटाउने, ऐलानी, सार्वजनिक जग्गा तालतलैयाको संरक्षण, ट्राफिक तथा बजार ब्यबस्थापन गर्ने काम बिभिन्न समिति मार्फत सुरु गरिएको छ । यो सबै कार्य प्रगती सम्पूर्ण राजनितिकदल, नगरवासी, संचारकर्मी र कर्मचारीहरुको प्रत्यक्ष अप्रत्यक्ष सहयोगबाट सम्भव भएको हो ।

कार्यपालीका ऐन कानुनको अधिनमा रही नगरको विकासमा खटिरहेको बेला धनगढीका केही मिडिया र मिडियाकर्मीहरुले बिशालनगरको नेतुवाताल ,६ लेन सडकको निर्माण लगायतका बिषय संग जोडेर नगरप्रमुख नृपबहादुर वड र नगरपालीकालाई बदनामित गर्न खोजिरहेको कुरा प्रति हाम्रो गम्भीर ध्यान आकर्षण भएको छ । यस कुरामा कुनै सत्यता नरहेको हामी आम नगरवासीमा अनुरोध गर्न चाहन्छौं । हामी सबैमा यही अनुरोध गर्न चाहन्छौं । हामी खुला र पारदर्शि समाजका पक्षपाती हौं । हामी प्रेस स्वतन्त्रताको सम्मान गर्दछौं । नगरपालीकाका सत्य तथ्य गतिविधी बाहीर आउनुपर्छ भन्ने हाम्रो मान्यता पनि हो । त्यसैले यस्ता मिडिया र मिडियाकर्मीलाई सत्य, तथ्यलाई ताडमोड गरि, बोल्दै नबोलेका बिषयहरुलाई बाहिर ल्याएर सिंङ्गो पत्रकारीतालाई बदनामित नगर्न र पत्रकारीताको धर्म बुझ्न अनुरोध गर्दछौं ।

सन्तोष मुडभरी
प्रवक्ता

सन्तोष मुडभरी
वडा अध्यक्ष
वडा नं.-१

टाइप गरी सच्याई पढाएको
०७५/०१/२८